बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी मोरङ

## प्रदेश नं. १

### समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६।०९।२१)

बेलवारी नगरपालिका, प्रदेश सरकार र करूणा फाउण्डेसन नेपालसँगको साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको संचालनको लागि यस नगरपालिकालाई आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ।

तपसिलः

| विज्ञापन नं. | पद/श्रेणी | सेवा/समुह | पद संख्या | दरखास्त दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०४/०७६/०७७ | सहजकर्ता/सहायकस्तर चौथो (खुल्ला) | स्वास्थ्य सेवा | ३ (तीन) जना | ३०० | |
| ०५/०७६/०७७ | सहजकर्ता/सहायकस्तर चौथो (अपाङ्गता आरक्षण कोटा) | स्वास्थ्य सेवा | १ (एक) जना | १०० | |

<u>आवश्यक शर्तहरु</u>

१. सेवाको किसिमः करार सेवा (कार्यक्रम संचालन अवधिभर) ।

२. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः (क) नेपाली नागरिकताको प्रतिलिपि,
(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.न.मी. वा सी.एम.ए. उत्तिर्ण गरी परिषदमा दर्ताको प्रमाणपत्र,
(ग) कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान प्राप्त भएको प्रमाणपत्र,
(घ) स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भए सो को प्रमाणपत्र,
(ङ) विदेशी मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण भएको प्रमाण ।
यसरी पेश गरिएका सबै प्रतिलिपिहरुको पछाडि उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

३. बेलबारी नगरपलिकाको स्थायी बासिन्दालाई प्राथमिकता दिईनेछ।उमेदवारले स्थायी बसोबास खुल्ने प्रमाण पेश गर्नु पर्नेछ ।

४. तलब, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. १५,०००।— (पन्ध्र हजार रुपैया मात्र) र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

५. उमेदवारको उमेरः (क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।
(ख) पुरुषको हकमा दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको।

६. उम्मेद्वारको छनौट विधिः लिखित, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः यस कार्यालयबाट दरखास्त फारम प्राप्त गरी ३ तीन प्रति पासपोर्ट साईजको फोटो टाँस गरि बेलवारी नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

८. वि.नं. ०५/२०७६/०७७ को हकमा अपाङ्गता उमेदवारहरु बिच मात्र प्रतिस्पर्धा हुनेछ । यस्तो उमेदवार मानसिक र शारिरीक रुपमा सक्षम भएको हुनु पर्नेछ ।)

९. परीक्षा पाठ्यक्रमः दरखास्त फारम साथ उपलब्ध गराईनेछ ।

१०. दरखास्त फारम भर्ने मितिः मिति २०७६/०९/२१ देखि २०७६/१०/६ गते सम्म।

११. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको तीनदिन भित्र नगरपालिकाको वेभ साईट www.belbarimun.gov.np साथै नगरपालिकाको सूचनापाटिमा टाँस गरिनेछ।

१२. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मितिसम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१३. विशेष व्यवस्थाः समुदायमा आधारीत पुनर्स्थापना सहजकर्ताहरुको छनौट पश्चात दुई (२) महिनाको समुदायमा आधारीत पुनर्स्थापना तालिम हुनेछ । तालिम अवधिभर तलब पारिश्रमिक पाइने छैन ।

१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बेलवारी नगरपालिकामा निहित हुनेछ।

१५. प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उमेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रदिप शाह**
प्रमुख प्रशासकीय अधिकृत